


# मासिक कार्य प्रगति

## प्रस्तुतकर्ताः डी.पी. अर्याल, मन्त्री

२०८० फागुन २३ देखि चैत २४ गते सम्म

# श्रम स्वीकृति

## (कार्यभार सम्हाल्नुअघि)

व्यक्तिगत तथा संस्थागत श्रम स्वीकृति लिनेको कुल संख्या

**७,०६,४२७**

२०७९/१२/२५ देखि २०८०/१२/२४

व्यक्तिगत श्रम स्वीकृति लिनेको संख्या

**३,७१,७३०**

२०७९/१२/२५ देखि २०८०/१२/२४

श्रम स्वीकृति पाउने औसत समय

**८८.८२**

घण्टा

स्रोतः वैदेशिक रोजगार विभाग

# श्रम स्वीकृतिको वर्तमान अवस्था

- श्रम स्वीकृतिको कोटा हटाइएको र २४ सै घण्टा आवेदन दिन मिल्ने बनाइएको ।
- पुन: नवीकरणको हकमा दुई तहमा कार्यसम्पादन हुने प्रणालीलाई एक तहबाट नै सम्पन्न गर्ने गरी नीतिगत सुधार गरिएको।
- २ सिफ्टबाट (बिहान ७ बजेदेखि राति ९ बजेसम्म) नै कार्यसम्पादन सम्पन्न गर्ने गरिएको ।
- वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) अन्तर्गत हार्डवेयर र सफ्टवेयरमा सुधार गरिएको ।
- दैनिक रिपोर्टिङको मेकानिजम्को स्थापना गरिएको ।

**श्रम स्वीकृति**

पहिले
औसत
**८८.८२**
घण्टा



अहिले
**१** घण्टा

# परराष्ट्र र गृह मन्त्रालयसँग समन्वय र सहकार्य

वैदेशिक रोजगारीका क्रममा मृत्यु भई शव ल्याउन बाँकी भएका नेपाली, विदेशमा कोमामा रहेका बिरामी, गम्भीर प्रकारले अंगभंग भएका नेपाली कामदार, मृत्युदण्डको सजाय तोकिएर जेलमा रहेका नेपाली, तत्काल उद्धारको पर्खाइमा रहेका नेपाली, ब्लड मनी तिर्न नसकेर मृत्युदण्डको सजाय पर्खेर बसेका नेपालीको विवरण संकलन गरी त्यस प्रकारको अवस्थामा रहेका नेपाली कामदारहरुको उद्धार तथा व्यवस्थापनका लागि आवश्यक कार्ययोजना तर्जुमाको चरणमा रहेको ।

अन्तरमन्त्रालयबीच सम्भव भएसम्मका डाटाबेस प्रयोग गरेर प्रोसेसिङ समय घटाउने ।

विषयवस्तुको संवेदनशीलतालाई आधार बनाई कामको वर्गीकरण गर्ने ।

# श्रम स्वास्थ्य

प्रत्येक प्रदेशका दुईवटा अस्पतालहरुमा श्रमिक हेल्प डेस्क सञ्चालन गर्ने

संघीय एवम् प्रादेशिक अस्पतालहरुमा अस्पतालको बेड क्षमताको आधारमा निश्चित संख्याका बेड श्रमिकका लागि समर्पित गरेर राख्ने

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एक श्रमिक हेल्थ डेस्क स्थापना गर्ने

वीर अस्पतालमा सञ्चालनमा रहेको टेलिमेडिसिन सेवाको विस्तार तथा प्रभावकारिताको लागि आवश्यक व्यवस्था मिलाउने

# श्रम कल सेन्टर

## (कार्यभार सम्हाल्नुअघि)

### हालसम्मको विवरण

जम्मा १,७६,६५४ समाधान ५९,३६८

२०७५ चैत १७ देखि

### आ.व.२०७९/८०

जम्मा ५०,८०७ समाधान १६,९०४

### चालु आ.व.को फागुन २१ सम्म

जम्मा ३०,८५९ समाधान १०,८१९

स्रोतः वैदेशिक रोजगार बोर्डको सचिवालय

# श्रमाधान कल सेन्टर

मन्त्रालय अन्तर्गत पूर्णतया सूचना प्रविधिमा आधारित श्रमाधान प्रणाली विकास गरी त्यसको एउटा पक्षको रुपमा मन्त्रालय तथा मातहत निकायमा प्राप्त हुने गुनासा तथा उजुरीहरु, सल्लाह, सुझाव, जिज्ञासाहरूको एकद्वार प्रणालीबाट २४ घण्टा नै सुनुवाइ गर्ने एवम् सोही प्रणालीका माध्यमबाट सम्बन्धित निकायबाट शीघ्र सम्बोधन गर्ने गरी श्रमाधान कल सेन्टर सञ्चालन गर्ने  नीतिगत निर्णय भएकोमा सो को कार्यान्वयनको लागि विभिन्न चरणमा काम हुँदै

- श्रमाधान कल सेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ को अन्तिम मस्यौदा तयार भएको ।
- श्रमाधान कल सेन्टरका लागि आवश्यक पर्ने स्रोतहरु विनियोजन गर्ने काम अन्तिम चरणमा ।
- श्रमाधान कल सेन्टरको सफ्टवेयरलाई श्रमाधान एपमा समायोजनको कार्य हुँदै



# कार्यविधि स्थगन

**सार्वजनिक विवादमा परेका निर्णय तथा जारी भएका कार्यविधिहरू कार्यदलले अध्ययन गरेर प्रतिवेदन नबुझाउँदासम्म स्थगन गरी कार्यान्वयनमा नलगिएको ।**

- पूर्वप्रस्थान अभिमुखीकरणका लागि शुल्क वृद्धि सहितको व्यवस्था गर्ने बनेको कार्यविधि,
- दक्ष एवम् अर्धदक्ष कामदारका लागि अङ्ग्रेजी भाषा अनिवार्य गर्ने सम्बन्धमा बनेको कार्यविधि,
- रोजगारदाताले पठाएको माग छानविन गरी मन्त्रालयमा गठन भएको समितिबाट प्रमाणीकरण गर्ने सम्बन्धी कार्यविधि,
- जापानमा सीपयुक्त कामदार पठाउने सम्बन्धमा जारी भएको कार्यविधि,
- दक्षिण कोरियामा ई-७ भिसामा कामदार पठाउने सम्बन्धमा जारी भएको कार्यविधि,
- बि टु बि प्रक्रियाबाट इजरायलमा कामदार पठाउने निर्णय लगायत

# वैदेशिक भ्रमणमा वैज्ञानिकता




नेपाल सरकारलाई उपलब्धि नहुने वैदेशिक भ्रमणलाई सकेसम्म निरुत्साहित गर्नुका साथै मन्त्रालयमा प्राप्त हुने वैदेशिक अध्ययन, तालिम तथा अवलोकन भ्रमणका अवसरहरुको वितरणलाई वैज्ञानिक र व्यवस्थित बनाउन, भ्रमणलाई उपलब्धिमूलक तुल्याउन र सो को मनोनयनलाई आवश्यकता र समान अवसरको आधारमा वितरण गर्न वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५ बमोजिम समिति गठन गरी पारदर्शी र प्रभावकारी व्यवस्थापनको थालनी गरिएको

# फोकल डेस्क स्थापना



संघीय संसदका दुवै सदन तथा संसदीय समितिहरुमा मन्त्रालय र मातहत निकायका काम कारबाहीका बारेमा उठ्ने सवाल, प्राप्त भएका सुझाब एवम् निर्देशन समेतको कार्यान्वयनलाई प्रभावकारी बनाई मन्त्रालयका कामकारवाहीलाई संसदप्रति जवाफदेही तुल्याउन मिति २०८०।१२।१३ को मन्त्रीस्तरीय निर्णयबाट सहसचिवको संयोजकत्वमा फोकल डेस्क स्थापना गरिएको।